# आदिवासी जनजाति आयोग
# Indigenous Nationalities Commission

अध्यक्ष

Chairperson


## उभौली चाड-२०८३ तथा यल सम्बत् ५०८६ को शुभकामना !

किराँत समुदायको महान् चाड उभौली २०८३ तथा यल सम्बत् ५०८६ को शुभ अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका राई, लिम्बू, याक्खा, सुनुवारलगायत सम्पूर्ण किराँत दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सुस्वास्थ्य एवं दीर्घायुको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

हरेक वर्ष बैशाख शुक्ल पूर्णिमाको दिनदेखि मनाइने यो चाड वसन्त ऋतुको आगमनसँगै बाली लगाउने समय सुरु हुने भएकोले प्रकृति र पितृपूजक किराँत समुदायले बालीनाली राम्रो होस्, प्राकृतिक प्रकोप तथा विपत्तिहरू नआउन् भनेर भूमि, बाली र पितृपूजा गर्ने गर्दछन् । किराँत समुदायले धुमधामसँग मनाउने उभौली चाडलाई, पृथ्वीमा "कृषियुग" सुरु भएदेखि नै मनाउँदै आइएको एक चाडको रुपमा मनाउने गर्ने गरिन्छ ।

उभौली चाड, प्रकृतिपूजक वा अर्को शब्दमा धर्तीपूजकहरू, अर्थात् नेपालका किराँत समुदायभित्रका विभिन्न जातिहरूले मनाउने प्रसिद्ध चाड हो, जसको अर्को नाम "**साकेला**" पनि हो । यस चाडलाई ऋतु परिवर्तनको संकेत दिने चाडको रूपमा विभिन्न कार्यक्रमहरूको आयोजना गर्दै एक सातासम्म मनाउने गरिन्छ ।

किराँत समुदायको बाहुल्यता भएको नेपालका पूर्वी जिल्लाहरू, काठमाडौँ उपत्यकाका साथै विश्वभर छरिएर रहेका किराँत समुदायहरूले यो चाडलाई भव्यरूपमा मनाउने गर्दछन् । पछिल्लो समयमा कतिपय आदिवासी जनजातिको मौलिक चाडपर्व, भेषभुषा, ज्ञान सीप क्रमशः लोप हुने अवस्थामा पुगेको अवस्थामा यस प्रकारको मौलिक साँस्कृतिक चाडले किराँत समुदायको मौलिक संस्कृति, कला तथा पहिचानको संरक्षण, प्रबर्द्धन र पुस्तान्तरणका लागि महत्वपूर्ण सहयोग हुने विश्वास लिएको छु ।

अन्तमा, नेपाल जस्तो बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक विविधतायुक्त मुलुकमा उभौली चाडले सबै समुदायका नेपालीहरूबीच राष्ट्रिय एकता, सहिष्णुता र सांस्कृतिक ऐक्यबद्धताको भावना थप सुदृढ पार्न अभिप्रेरित गरोस् भन्ने कामना गर्दछु ।

धन्यवाद ।

२०८३ साल वैशाख १८ गते, शुक्रबार ।

रामबहादुर थापामगर
अध्यक्ष